**आकाशवाणी समाचार- नेपाली**
मितिः १६ मार्च २०२६
समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा २३ र २९ अप्रेलमा दुई चरणमा मतदान हुने घोषणा भएको छ।

२. पश्चिम बंगालमा विधानसभा चुनावको घोषणापछि निर्वाचन आयोगले वरिष्ठ राज्य अधिकारीहरूको सरुवाको घोषणा गरेको छ।

३. श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समिति खरसाङको आयोजनामा यसपाली खरसाङमा विराट राम नवमी शोभायात्रा निकालिने भएको छ।

४. वरिष्ठ साहित्यकार सुदर्शन अम्बटेद्वारा लिखित ११औँ कृति टापन-टिपनको लोकार्पण गरिएको छ।

५. दृष्टिविहीनहरूका लागि राज्यको लोकप्रिय टी-20 क्रिकेट टूर्नामेन्ट 'ऑल बंगाल विजन-आई चैलेंजर्स कप 2026' को समापन भएको छ।

**चुनाउ कार्यक्रम घोषणा**

निर्वाचन आयोगले हिजो देशका पाँच राज्यहरूको विधानसभा चुनाउ कार्यक्रम घोषणा गरेको छ। यसअन्तर्गत पुडुचेरी, केरल र असममा ९ अप्रेलमा एकै चरणमा मतदान गराइनेछ। तमिलनाडुमा २३ अप्रेलमा एक चरणमा भोट हालिनेछ। पश्चिम बंगालमा दुई चरणमा मतदान हुनेछ, जसमा २३ अप्रेल र २९ अप्रेलमा भोटिङ गराइनेछ। सबै राज्यहरूको चुनाउ परिणाम ४ मईमा घोषणा गरिनेछ।
मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले हिजो दिल्लीको विज्ञान भवनमा आयोजित पत्रकार सम्मेलनमा यो घोषणा गर्दै भन्नु भयो, सम्बन्धित पाँच राज्यहरूमा लगभग १७.४ करोड़ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। आयोगका अनुसार, पाँचै राज्यहरूको विधानसभाहरूको कार्यकाल फरक-फरक मितिमा समाप्त हुँदैछ। पश्चिम बंगाल विधानसभाको कार्यकाल ७ मईमा सकिनेछ, जबकि तमिलनाडु विधानसभाको कार्यकाल १० मईसम्म छ। विधानसभा सिटहरूको कुरा गर्दा जम्मा ८२४ सिटहरूमा असममा १२६, केरलमा १४०, पुडुचेरीमा ३०, तमिलनाडुमा २३४ र पश्चिम बंगालमा २९४ सिटहरू छन्। यी राज्यहरूमा धेरै सिटहरू अनुसूचित जाति र अनुसूचित जनजातिका लागि आरक्षित छन्। निर्वाचन आयोगले शान्तिपूर्ण र निष्पक्ष चुनाउ गराउनका लागि सबै आवश्यक तयारी पूरा गरेको बताएको छ।

**निर्वाचन आयोग - पश्चिम बंगाल सरुवा**

पश्चिम बंगालमा विधानसभा चुनावको घोषणापछि निर्वाचन आयोगले वरिष्ठ राज्य अधिकारीहरूको सरुवाको घोषणा गरेको छ। आयोगले चुनाव तयारीको समीक्षापछि यी निर्देशनहरू जारी गरिएको बताएको छ। निर्वाचन आयोगले नन्दिनी चक्रवर्तीको स्थानमा दुष्यन्त नारियालालाई राज्यको मुख्य सचिवको रूपमा नियुक्त गरेको छ। संघमित्रा घोषलाई पश्चिम बंगाल सरकारको गृह तथा पहाडी मामिला विभागको प्रमुख सचिवको रूपमा नियुक्त गरिएको छ। निर्वाचन आयोगका सचिव सुजित कुमार मिश्राले आयोगको निर्देशन तुरुन्तै लागू हुने र आज दिउँसो ३ बजीसम्ममा कार्यभार सम्हाल्ने अधिकारीहरूको सम्बन्धमा अनुपालन प्रतिवेदन

पेश गर्नुपर्ने बताउनु भएको छ। सरुवा गरिएका अधिकारीहरूलाई चुनाव समाप्त नभएसम्म कुनै पनि निर्वाचनसँग सम्बन्धित पदमा नियुक्त गरिने छैन।

**बंगाल पुलिसमा फेरि फेरबदल**

विधानसभा चुनाउ अघि पश्चिम बंगाल पुलिसले फेरि एकपटक व्यापक रूपमा फेरबदल गरेको छ। यस चरणमा भने 27 जना इन्स्पेक्टरहरूलाई स्थानान्तरण गरिएको छ। यस अतिरिक्त राज्यको गुप्तचर विभागमा तथा सीआईडी र आईबीमा इन्स्पेक्टर स्तरमा पनि फेरबदल गरिएको छ। आईबीका इन्स्पेक्टर सुसिम गांगुलीलाई नोदाखाली थानाको आईसी बनाइएको छ भने यस पदमा अनुप मण्डललाई नियुक्त गरिएकोछ। यता सीआईडीका इन्स्पेक्टर सुदीप्त चक्रवर्तीलाई श्रीरामपुर थानाको आईसी बनाइएको छ भने उनको स्थानमा सञ्जीव चक्रवर्तीलाई नियुक्त गरिएको छ।
राज्य पुलिसले दार्जीलिङ, जलपाईगुड़ी, पूर्व बर्दवान, अलिपुरद्वार, दक्षिण दिनाजपुर, पश्चिम मेदिनीपुर, बारुईपुर पुलिस जिल्ला, मालदा, बीरभूम औ रानाघाट पुलिस जिल्लासहित अन्य कतिपय जिल्लाहरूमा पनि इन्स्पेक्टर स्तरमा स्थानान्तरण गरेको छ।

**भाजपा समर्थकहरूको ट्रेनमा ढुङ्गामुड़ाको आरोप**

कोलकातामा आयोजित ब्रिगेड सभाबाट फर्किरहेका भाजपा कार्यकर्ता तथा समर्थकहरूले भरिएको स्पेशल ट्रेनमा ढुङ्गामुड़ा भएको आरोपलाई लिएर सिलगढ़ीमा हिजो तनाउ सृजना भयो। घटना सिलढ़ी नगरनिगमको वार्ड नम्बर-7 स्थित कोइला डिपो क्षेत्रमा भएको हो। स्थानीय सूत्र अनुसार अलिपुरद्वार जाने विशेष ट्रेन कोइला डिपो क्षेत्रमा लगभग दश मिनटसम्म रोकिएको थियो। स्थानीय मानिसहरूको आरोप छ, ट्रेन सवार केही भाजपा कार्यकर्ता तथा समर्थकहरूले क्षेत्रका मानिसहरूतर्फ अशोभनीय इशारा गरे जसले गर्दा स्थिति बिग्रियो।
आरोप छ, त्यसपछि स्थानीय मानिसहरूले ट्रेनमा ढुङ्गामुड़ा गर्न शुरू गरे। घटनाको सूचना पाएर जीआरपी र सिलगढ़ी थानाको पुलिस तुरून्तै घटनास्थलमा पुग्यो। पुलिसको हस्तक्षेपले स्थिति नियन्त्रित भयो। ट्रेनलाई उसको गन्तव्यतर्फ प्रस्थान गराइयो।

**राम नवमी शोभायात्रा**

श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समिति खरसाङको आयोजनामा यसपाली खरसाङमा विराट राम नवमी शोभायात्रा निकालिने भएको छ। यस विषयमा हिजो खरसाङमा पत्रकार सम्मेलन बोलाएर श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समितिले जानकारी गराउँदै आगामी 27 मार्चको दिन खरसाङको मोटर स्ट्याण्डबाट श्री राम नवमी शोभायात्रा निकालेर खरसाङ बजार परिक्रमा गर्दै पुनः मोटर स्ट्याण्डमा आएर समाप्त हुने बताएको छ। पत्रकार सम्मेलनमा श्री राम जन्मोत्सव शोभायात्रा आयोजक समिति खरसाङका अध्यक्ष रमेश प्रसाद, सचिव राजेन प्रधान, सह सचिव राकेश प्रसाद, सन्तोष प्रसाद र ईभान फाउण्डेशनको अध्यक्ष प्रशान्त शर्मा उपस्थित रहेका थिए। आयोजक समितिका सदस्यहरूले भने, विगतका वर्षहरु झैं यस वर्ष पनि खरसाङमा श्री राम जन्मोत्सव शोभायात्रा निकालिने छ। आगामी 27 मार्चका दिन अपरान्ह 1 बजीदेखि शोभायात्रा शुरु हुनेछ। यस अवसरमा खरसाङ क्षेत्रका सबै मन्दिरहरुका प्रमुख साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरुलाई निमन्त्रणा दिइएको छ।

**सुदर्शन अम्बटेको कृति टापन-टिपनको लोकार्पण**

खरसाङको अम्बटे निवासी वरिष्ठ साहित्यकार सुदर्शन अम्बटेद्वारा लिखित ११औँ कृति टापन-टिपनको लोकार्पण गरिएको छ। उक्त कृतिको लोकार्पण कार्यक्रम हिजो कदमतलास्थित कदमतला सहायक समिति भवनमा कदमतला मनिटरिङ संगठनको तत्वावधानमा सम्पन्न भयो। नरेशचन्द खातीको अध्यक्षतामा सम्पन्न लोकार्पण समारोहका प्रमुख अतिथि प्रेम गुरूङ हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरू बीबी ठकुरी, मेनुका प्रधान, टिकाराम थापा, राम शर्मा रहेका थिए। विभिन्न क्षेत्रका साहित्य अनुरागीहरूको उपस्थिति रहेको यस समारोहलाई प्रतिमा प्रधानले सञ्चालन गरेका थिए। कदमतालाका वरिष्ट समासेवी विष्णुप्रसाद प्रधानद्वारा आफ्नो स्वर्गिय पत्नी विष्णुमाया प्रधानलाई समर्पित यस पुस्तक रामलाल प्रकाशनद्वारा प्रकाशित पहिलो पुस्तक रहेको छ। कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथि लगायत विशिष्ट अतिथिहरूको बाहुलीबाट बाल साहित्य अकादमी पुरस्कारले अलंकृत सुर्दशन अम्बटेको ११औँ कृति टापन-टिपन लोकार्पण गरियो। समारोहलाई विशिष्ट अतिथि कृष्ण प्रधान, प्रकाश राई आदिले सम्बोधन राखेका थिए।

**दृष्टिविहीनहरूका टी-20 क्रिकेट टूर्नामेन्ट**

दृष्टिविहीनहरूका लागि राज्यको लोकप्रिय टी-20 क्रिकेट टूर्नामेन्ट ‘ऑल बंगाल विजन-आई चैलेंजर्स कप 2026’ को समापन भयो। सामाजिक र स्वैच्छिक संस्था 'उत्तरेर दिशारी' द्वारा आयोजित, यस प्रतियोगितामा दक्षिण बंगालका तीन टोली र उत्तर बंगालका तीन टोलीहरूबीच उपाधिको लागि तीन दिने भिडन्त भयो। १३ मार्चमा प्रतियोगिताको उद्घाटन दिन, सिलगुडी राइजर्सले दुर्गापुर च्यालेन्जर्ससँग सामना गर्यो। हिजो बिहान अर्को महत्त्वपूर्ण म्याचमा कोलकाता क्यापिटल्सले दार्जिलिङ रोयल्सलाई पराजित गऱ्यो। त्यसपछि, अंक तालिकाको आधारमा ग्रान्ड फिनालेमा प्रतिस्पर्धा गर्न दुई टोलीहरू छनोट भए।सिलगडीको वार्ड नम्बर २३ स्थित सूर्य सेन मठमा आयोजित ग्रान्ड फिनालेमा सिलिगुडी राइजर्स र डुवर्स तराई सुपर ११ बीच भिडन्त भयो। टस जितेपछि, डुवर्स तराई सुपर ११ ले आफ्नो इनिङ सुरु गर्यो; यद्यपि, सिलिगुडी राइजर्सले अन्ततः १३.५ ओभरमा ५ विकेट गुमाएर ११४ रन बनाएर विजय हासिल गऱ्यो। यो विजयसँगै उनीहरूलाई प्रतियोगिताको च्याम्पियन घोषित गरियो।

**बाइट**

**खरसाङ महकुमा खेलकूद संघ**

खरसाङ महकुमा खेलकूद संघका एक कर्मठ सदस्य मोहनकुमार राईको असमायिक निधनमा संघका सदस्यहरुले उहाँको आत्मशान्तिको निम्ति संघकै कार्यालयमा एउटा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरियो। कार्यक्रममा दिवंगतको तस्विरमा धूप द्विप प्रज्वलन गरियो भने संघका सदस्यहरुद्वारा पुष्पमाला अर्पण गरियो र एक मिनटको मौन धारण गरियो।

****** ० ******